# मिति २०७४ फागुन १३ गते वसेको जि.स.स. वैठकको निर्णयहरु

१) कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रका निजी तथा सार्वजनिक जग्गा एवं खोला, खहरेबाट ढुंगा, गिट्टी वालुवाको जथाभावी उत्खनन र स्वीकृती नलिई जग्गा प्लटिङ्ग गरी माटो, वालुवा निकासी गर्ने गरेकोले उक्त कार्य नियन्त्रणको लागि कागेश्वरी मनोहरा नगरपालिकाको मिति ०७४/११/०२ को पत्रबाट लेखी आएको सन्दर्भमा जिल्ला अनुगमन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारीज्यूसंग परामर्श भए वमोजिम त्यस नगरपालिका क्षेत्रको अनुगमन गरी सुझाव दिन र अवैध रुपमा उत्खनन भए गरेको पाइएमा सो कार्यमा तत्काल रोक लगाउने समेत कार्यको लागि जिल्ला समन्वय समितिका सदस्यको संयोजकत्वमा देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रको अनुगमनका लागि :**

| | |
|---|---|
| जि.स.स. सदस्य श्री कृष्ण प्रसाद लम्साल | संयोजक |
| अधिकृतस्तरको प्राविधिक प्रतिनिधि, कागेश्वरी मनोहरा नगरपालिका | सदस्य |
| सम्वन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| स्थानीय प्रहरी चौकी ईन्चार्ज | सदस्य |

(२) जिल्ला समन्वय समितिको छत (Top Terrace) मा नेपाल सरकार उर्जा मन्त्रालय अन्तर्गतबाट सौर्य उर्जा प्रणाली मार्फत विद्युत उत्पादन गर्न सोलार प्यानल राखिएको र विद्युत उत्पादन प्रारम्भ समेत भैसकेकोमा खुशी व्यक्त गर्दै उक्त सोलार प्यानल जडान गर्न पूर्व जि.स.स.संग छलफल हुँदा विद्युत उत्पादन हुन प्रारम्भ भएपछि जि.स.स. भवनलाई निःशुल्क विद्युत उपलव्ध गराइने जानकारी गराइएकोमा निःशुल्क विद्युत उपलव्ध नभई पूर्ववत रुपमा विद्युत महशुलको विल उठ्ने गरेको र सोही अनुरुप विल भुक्तानी समेत गरिदै आएको हुँदा यस कार्यालय भवनमा खपत हुने विद्युत निःशुल्क उपलव्ध गराउने व्यवस्थाका लागि उर्जा मन्त्रालय र विद्युत प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

(३) चन्द्रागिरी नगरपालिका र जि.स.स. विच मिति २०७४/०७/१२ गते भएको समन्वय वैठकबाट चन्द्रागिरी नगरपालिकाका उपप्रमुखज्यूको संयोजकत्वमा गठित समितिलाई गत विगतमा उपभोक्ताहरुबाट निर्माण प्रारम्भ भई अधुरो रहेको चन्द्रागिरी न.पा. त्रिवेणी घाट स्थित मोटरेवल पक्की पुलको वाँकी काम र भुक्तानी विवाद सम्वन्धमा समेत अध्ययन गरी उक्त पुलको निर्माण सम्पन्न गर्न उचित हुने/नहुने र सम्पन्न गर्नु पर्ने भए विगतको कामको मूल्यांकन र भुक्तानी तथा वाँकी काम के कसरी गर्न उपर्युक्त हुन्छ ? अध्ययन गरी चन्द्रागिरी न.पा. र जि.स.स.मा राय सुझाव पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

(४) भूकम्प आपत कालिन सहायता आयोजना जिल्ला आयोजना कार्यान्वयन ईकाई (DLPIU) काठमाडौंबाट ठेक्का मार्फत निर्माण भईरहेको सांखु-पालुवारी-नगरकोट सडक उप-आयोजनाको निर्माण कार्यको प्रगति सुस्त गतिमा भएको देखिएकोले सो सडक निर्माण कार्यमा तिव्रता दिन आवश्यक प्रवन्धका लागि सडक उप-आयोजनालाई जिल्ला प्राविधिक कार्यालय मार्फत निर्देशन दिने साथै सो आयोजना तथा प्राविधिक कार्यालयबाटै निर्माण भई रहेको शालीनदी पुल समेत समयमै सम्पन्न गर्न आवश्यक सकृयताका लागि जिल्ला प्राविधिक कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(५) प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा काठमाडौं जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने माननीय साँसदज्यूहरुलाई जि.स.स.को तर्फबाट स्वागत र परिचयात्मक कार्यक्रम यथासक्य चाँडो आयोजना गर्ने । सो कार्यका लागि माननीय सांसदहरुसंग परामर्श गरी उपयुक्त मिति तय गर्न जि.स.स. प्रमुखज्यूले आवश्यक समन्वय गर्ने ।

(६) जि.स.स. काठमाडौंबाट हाल भईरहेको नगरपालिकागत अनुगमन/समन्वय गर्ने कार्यलाई निरन्तरता दिने ।

(७) जि.स.स.बाट विभिन्न प्रयोजन (कर असुली, घर भाडा, जग्गा भाडा, विद्युत महशुल आदि) का लागि विभिन्न पक्षहरुसंग गरिएको सम्झौता वमोजिमको रकम प्राप्त हुन वाँकी भएकाहरुबाट त्यस्तो रकम प्राप्तिको लागि जि.स.स. कार्यालयले ताकेता गरी नियमित रुपमा प्राप्त हुने व्यवस्था मिलाउने ।

(८) चन्द्रागिरी नगरपालिका वलम्वु स्थित जि.स.स.को स्वामित्वमा रहेको खाली जग्गाको संरक्षणको लागि दुई स्थानमा गेट निर्माण र भाडामा लगाइएको भवनसंगै शौचालय निर्माण गरिएकोमा सो को प्राविधिक मूल्यांकन वमोजिमको रकम पूजीगत अनुदान शिर्षकबाट भुक्तानी दिई वाँकी रकमको कार्यक्रम वनाई जि.स.स.ले कार्य अगाडि वढाउने निर्णय गरियो ।

(९) विगतमा जि.स.स. मा कार्यरत रही हाल बिभिन्न नगरपालिकाहरुमा काजमा कार्यरत कर्मचारीहरुसँग आगामी २०७४ फाल्गुण १६ गते ३ बजे अन्तरक्रिया गर्ने निर्णय गरियो ।

(१०) शंखरापुर नगरपालिकामा भूकम्प निजि आवास निर्माण कार्यको सुपरिवेक्षण गर्ने प्राविधिक जनशक्ति अभाव भई नागरिकहरुका काममा ढिलाई हुन गईरहेकोले आवश्यक समन्वयका लागि नगरपालिकाबाट अनुरोध भएको सन्दर्भमा राष्ट्रिय पुन निर्माण प्राधिकरणको ध्यानाकर्षण गराउने निर्णय गरियो ।